**मधेश प्रदेश सरकार**

**गृह,सञ्चार तथा कानुन मन्त्रालय**

# मिडिया काउन्सिल

**जनकपुरधाम, धनुषा, नेपाल**

मिति : २०८३/०६/०८

**अनलाइन सञ्चार माध्यमलाई सूचीकृत हुनवारे सूचना ।**

मधेश प्रदेशस्थित आमसञ्चार प्राधिकरणमा दर्ता प्रक्रिया पूरा गरेका वा नेपाल सरकार अन्तर्गतका सम्बन्धित निकायबाट आवश्यक प्रक्रिया पूरा गरी मधेश प्रदेश तथा यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाबाट सञ्चालनमा रहेका अनलाइन सञ्चार माध्यम (अनलाइन न्यूज पोर्टल) हरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र मिडिया काउन्सिल, मधेश प्रदेशको कार्यालयमा आवश्यक कागजात सहित सूचीकृत हुन आव्हान गरिन्छ ।

यसअघि नै मधेश प्रदेश स्थित आमसञ्चार प्राधिकरणमा दर्ता भई मिडिया काउन्सिल, मधेश प्रदेशमा सूचीकृत भइसकेका सञ्चार माध्यमहरूले पुन: सूचीकृत हुनुपर्ने छैन ।

**सूचीकृतका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

१. सूचीकृत हुन माग गर्दै सञ्चार माध्यमको तर्फबाट पेश गरिएको निवेदन ।
२. दर्ता प्रमाणपत्र (आमसञ्चार प्राधिकरण वा सूचना विभागबाट प्राप्त) ।
३. कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालयबाट प्राप्त दर्ता प्रमाणपत्र ।
४. कम्पनीको हकमा नियमावली तथा प्रबन्धपत्र ।
५. स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र ।
६. करचुक्ता प्रमाणपत्र ।
७. सञ्चार माध्यमका सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
८.सम्पादकको नियुक्तिपत्र, नागरिकता प्रमाणपत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
९. संवाददाता तथा कर्मचारीहरूको नियुक्तिपत्र, नागरिकता प्रमाणपत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
१०. पासपोर्ट साइजको फोटो २ प्रति ।

**मधेश प्रदेशमा सञ्चालित अनलाइन सञ्चार माध्यमहरूलाई व्यवस्थित, मर्यादित,नियमन तथा अभिलेखबद्ध गर्ने उद्देश्यले यो सूचना प्रकाशित गरिएको छ ।**

Bandana 20८३/०६/०८
..................

बन्दना कुमारी झा

का.वा.अध्यक्ष

का.वा. अध्यक्ष